स्थानीय सरकार

## तामाकोशी गाउँपालिका

नीति तथा कार्यक्रम: आर्थिक वर्ष २०७६/०७७

# उपाध्यक्ष श्री उर्मिला खड्का के.सी.ले गाउँ सभामा प्रस्तुत गर्नुभएको आर्थिक बर्ष २०७६/०७७ को बार्षिक नीति तथा कार्यक्रम

**तामाकोशी गाउँपालिका**

## गाउँ कार्यपालिकाको कार्यालय

**जफे, दोलखा**

**१० असार २०७६**

**श्री सभाध्यक्ष महोदय तथा गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु,**

नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राखी नेपालको संविधानले नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको रुपमा पुर्नःसंरचना गर्ने सिलसिलामा सम्वत् २०७३ साल फागुन २७ गते स्थानीय तहहरुको स्थापना भएको विदितै छ। तामाकोशीबासी जनताको चाहना र प्रयासबाट एक स्थानीय तहको रुपमा तामाकोशी गाउँपालिकाको स्थापना भएको हो । यस गाउँपालिकाबासी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात् गर्दै, गाउँपालिकाको समग्र हित तथा तामाकोशीबासी जनताको चाहनालाई हृदयंगम गर्दै, सार्वभौम सत्ता सम्पन्न नागरिकहरुको हक अधिकारको सम्मान गर्दै, समाजमा रहेका सबैप्रकारका विभेद र उत्पीडनको अन्त्य गर्नु हाम्रो दायित्व भित्र पर्दछ । बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त तामाकोशी गाउँपालिकाको विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्नुपर्दछ । आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न, समतामूलक समाजको निर्माण गर्ने संकल्पका साथ जनमुखी, पारदर्शी, स्वच्छ र उत्तरदायी प्रशासनको सुनिश्चितता गर्दै तामाकोशी गाउँपालिकालाई समृद्ध, वैभवशाली, आकर्षक पर्यटकीय गन्तव्य र अनुकरणीय नमूना स्थानीय सरकारको रुपमा स्थापित गर्ने दिशामा गाउँ कार्यपालिका अगाडि बढिरहेको छ ।

आज सम्वत् २०७६ साल असार १० गते म यस गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस गरीमामय गाउँ सभामा गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित महसुस गरेको छु। यस गौरवपूर्ण क्षणमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका खातिर विभिन्न कालखण्डमा भएका ऐतिहासिक जनआन्दोलन तथा घटनाहरुमा बलिदानी पूर्ण जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहिदहरुप्रति श्रद्धाञ्जली अर्पण गर्दछु ।

**सभाध्यक्ष महोदय,**

अब म यस तामाकोशी गाउँपालिकाको आगामी वर्षको बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

१. नेपालको संविधान बमोजिम केन्द्र, प्रदेश तथा स्थानीय सरकारवीच समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्तका आधारमा "तामाकोशी गाउँपालिकाको लक्ष्य, दिगो विकास समृद्धि र सुन्दर भविष्य" को महान अभियानलाई सार्थकता प्रदान गर्ने दिशा तर्फ सम्पूर्ण विकास निर्माणका क्रियाकलापहरु अगाडी वढाइनेछ। स्थानीय जनतालाई"प्रभावकारी स्थानीय सरकार" को अनुभूति गराउन सरकारी निकायको पहुँच तथा संस्थागत सबलीकरणमा जोड दिइनेछ। आगामी आर्थिक बर्षलाई "सवल र समृद्ध तामाकोशी"को रुपरेखा तथा योजना तर्जुमा र कार्यान्वयन गर्ने आधार बर्षको रुपमा लिइनेछ ।

**सभाध्यक्ष महोदय,**

**यस क्रममा म कृषि, सिँचाई तथा पशु विकास सम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।**

२. कृषि उपजको सम्भावना भएका गाउँपालिकाका आवश्यक क्षेत्रहरुमा कृषि उपज संकलन केन्द्र तथा शीत भण्डारण स्थलहरु क्रमागत रुपमा स्थापना गर्दै लगिनेछ । उत्पादन भएका कृषि उपजको विक्रि मार्फत आम्दानी बढाउन विक्रि स्थलहरुको सुरुवात गरिनेछ ।

३. कृषि एवं पशु विकासका लागि कृषकहरुलाई उत्पादन विक्रि परिणामको आधारमा कृषि उत्पादन प्रोत्साहन तथा सहुलियत ऋण कोष मार्फत प्रोत्साहन तथा सहुलियत ऋण प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिई व्यवसायिक कृषकको उत्पादनमा जोड दिइनेछ ।

४. कृषि एवं पशु विकासको क्षेत्रको व्यवसायीकरण, विविधिकरण एवं यान्त्रीकरणका लागि आवश्यक कृषि प्राविधिकको व्यवस्थाको लागी संघिय एवम् प्रदेश सरकारसँग पहल गरिनेछ ।

५. तरकारी, मसलाबाली, फलफूल, जडिबुटि एवं पोशिला घाँसका वीऊ एवं विरुवाको सुलभ मूल्यमा वितरणको व्यवस्था गर्न हाइटेक नर्सरी स्थापीत गरिनेछ ।

६. स्थानीय कृषि सहकारी सँग समन्वय गरी मकै, गहुँ आदीको विऊ उत्पादन गरी विऊ विजन बैंक स्थापना गरिनेछ । प्रस्तावपत्रको माग गरी स्थानीय सहकारीहरु, व्यक्ति, फर्म, समूहहरुलाई कृषि, पशुविकासका लागि सहुलियत ऋण, अनुदान प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

७. अनुदान कार्यक्रममा(बाखा २०, गाई/भैंसी ५ दुहुना, बंगुर १० माऊ) भएका कृषकहरुलाई अनुदान कार्यक्रममा सहभागी गराइनेछ ।

८. हरेक वडामा समूहहरु निर्माण गरी हाते ट्रयाक्टर वितरण गरिनेछ । कृषकको आम्दानीको लागि नगदेवालीको महत्वलाई अध्ययन गर्दै सिम खोल्सामा अँलैची, कान्ला पाखामा अम्रिसो कार्यक्रमलाई निरन्तरता दिईनेछ । साथै अलैंचीको कटान, गोडमेल एवम् किराहरुको व्यवस्थापनको लागी सम्बन्धित कृषकहरुलाई सुहाउँदो किसिमको तालिम दिइनेछ ।

९. गाउँपालिका भित्रको जमिनको उचित व्यवस्थापन (Landscape Management) गरी खाली नराख्ने नीति अवलम्वन गर्दै चक्लावन्दी खेती तर्फ कृषकहरुलाई आर्कषित गर्न थप कार्यक्रम ल्याइनेछ ।

१०. विद्यमान जुनोटिक रोगको बारेमा जनचेतना कार्यक्रम यसै वर्षबाट प्रारम्भ गरिनेछ ।

११. कृषक वाली तथा पशु विमालाई प्रभावकारी बनाउँदै कृषकलाई खाद्य श्रृखलामा आवद्ध गराई कृषि एवं पशु उपज निर्यात गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१२. खेतीयोग्य जमिनमा कुलो निर्माण, थोपा सिचाँई, Water lifting प्रविधिको प्रयोग गरी पर्याप्त सिचाँइको लागि आवश्यक व्यवस्था गरिनेछ ।

१३. गाउँपालिकाका उपयुक्त स्थानहरुमा हिउँदे पोखरीहरुको निर्माण कार्यलाई प्राथमिकतामा राखिनेछ । प्लाष्टिक पोखरीहरु निर्माण गरी, पोखरीलाई मत्स्यपालन केन्द्र एवं सिचाँईको स्रोतको रुपमा विकास गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

१४. प्राकृतिक जलाशय तथा जलचर संरक्षण कार्यक्रम सुरुवात गरी तालिम, गोष्ठि संचालन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१५. गाउँपालिका भित्र वडा नं. ४ मालुमा आधुनिक कृषिको प्राविधिक शिक्षालय स्थापना गरिनेछ । माटो परिक्षण गर्न आवश्यक व्यवस्था गरिनेछ । कृषकलाई आवश्यक तालिम प्रदान गरी अगुवा कृषकको रुपमा पेशाप्रति थप जिम्मेवार र प्रतिवद्ध गराइनेछ ।

१६. हिउँदे घाँस जै को लागी पकेट क्षेत्र स्थापना गरी घाँसको विउ सहज रुपमा उपलब्ध गराइनेछ ।

१७. व्यवसायिक नगदेवालीलाई प्रवर्द्धन गर्न तुलनात्मक लाभका क्षेत्रहरु पहिचान गरी उपयुक्त ब्लकको निर्माण गरेर कृषि व्यवसायलाई लाभमुखी उद्योगको रुपमा विकास गर्दै लैजाने कार्यलाई निरन्तरता दिई कृषकलाई Value Chain मा आवद्ध गर्दै लगिनेछ ।

१८. पशुको नश्ल सुधारको लागि कृत्रिम गर्भाधानको उचित व्यवस्था मिलाईनेछ । गाउँपालिका भित्रका सेवा केन्द्रहरुलाई थप व्यवस्थित गर्दै लगिनेछ ।

१९. गाउँपालिका भित्र संचालनमा रहेका मासु पसल, दुग्ध सहकारी संस्था, औषधी र दाना पसलहरुको वार्षिक २ पटक अनुगमन र मूल्याङ्कन गरिनेछ ।

२०. परम्परादेखी अस्तित्वमा रहेका स्थानीय पशु पंक्षीमा अनुवंशिय श्रोत संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

**अब म स्वास्थ्य, सरसफाई तथा पिउने पानी सम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।**

२१. गाउँपालिका स्तरमा १५ बेड क्षमताको अस्पतालको स्थापना गरी MBBS Doctor को नियुक्ति गरिनेछ ।

२२. गाउँपालिकाका ज्येष्ठ नागरिक तथा विकलाँङ्गहरुको स्वास्थ्य जाँच गरी उपचार सेवा प्रदान गर्न आ.व. २०७४/०७५ मा शुरु गरिएको घर-घरमा स्वास्थ्यकर्मी कार्यक्रमलाई वर्षको २ पटक सञ्चालन गर्ने गरी निरन्तरता दिईनेछ ।

२३. स्वास्थ्य स्वयंसेविकाहरु मार्फत वालबालिका हेरचाह र स्वास्थ्य तथा आहार सम्बन्धि आधारभूत तालिम दिईनेछ । महिलाहरुमा देखिने पाठेघरको क्यान्सर, आङ खस्ने समस्यालाई न्युनीकरण गर्न स्वास्थ्य शिविर सञ्चालन गरिनेछ । बालबालिकाहरुको स्वास्थ्य समस्या समाधान गर्न आवश्यक कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

२४. गम्भीर प्रकृतिको रोगको उपचारमा सहयोग पुर्‍याउन नागरिक स्वास्थ्य उपचार सहायता कोष मार्फत सहायता प्रदान गर्ने कार्यलाई निरन्तरता दिईनेछ । गाउँमा बसोबास गर्ने नागरिकका लागि अनिवार्य स्वास्थ्य वीमा कार्यक्रम सञ्चालन गरिनेछ ।

२५. वर्षमा १ पटक हरेक वडामा विषेशज्ञ डाक्टर सहितको स्वास्थ्य शिविर सञ्चालन कार्यक्रमलाई निरन्तरता दिईनेछ । अन्धविश्वासमा आधारित उपाचार पद्धतिलाई निरुत्साहित गर्दै "आम्ची सेवा" लाई प्रवर्द्धन गरिनेछ ।

२६. प्राथमिक स्वास्थ्य सेवा प्रदान गर्न सञ्चालित गाउँघर क्लिनिकलाई निरन्तरता दिई थप व्यवस्थित गर्दै आवश्यकता अनुसार उक्त गाउँघर क्लिनिकलाई सामुदायिक स्वास्थ्य ईकाइमा परिणत गरिनेछ ।

२७. बालबालिकाहरुको खोप सेवालाई थप प्रभावकारी बनाउन गाउँपालिकामा भ्याक्सिन स्टोरेज तथा वितरण कक्ष स्थापना गरिनेछ ।

२८. सुरक्षित मातृत्वका लागी ग्रामिण अल्ट्रा साउण्ड कार्यक्रम सञ्चालन गरिनेछ ।

२९. सुत्केरी पश्चात हुने अवान्छित संक्रमण रोक्न ३ र ७ दिनमा स्वास्थ्य जाँच गर्न घरघरमै नर्सिङ स्वास्थ्यकर्मी परिचालन गर्ने कार्य सुरु गरिनेछ ।

३०. हरेक स्वास्थ्य चौकीहरुमा सुत्केरी गराउन आउने हेरालुको लागी Waiting house(खाना, वस्न समेतको व्यवस्था) स्थापना गरिदैं लगिनेछ । सुत्केरी गराउन खटिने स्वास्थ्यकर्मीले अन्यत्र रिफर गरेको खण्डमा काठमाडौं लैजाने क्रममा लाग्ने खर्चको एकतर्फी यातायात खर्च व्यहोर्ने गरी व्यवस्था गरिनेछ ।

३१. पिउने पानीका स्रोतहरुको पहिचान, पुराना धारा एवं ट्याङकीहरुको मर्मत सम्भार गरी पिउने पानीको उचित व्यवस्था गर्न एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिइनेछ । हरेक वडाको खानेपानी योजनामा दक्ष प्लम्बरको व्यवस्थाको लागी आवश्यक कार्यक्रम ल्याइनेछ ।

३२. पिउने पानीको दिगो स्रोत उपलब्ध नभएका स्थानहरुमा वैकल्पिक स्रोतको पहिचान गरिनेछ। शुद्ध पिउने पानी हरेक व्यक्तिको अधिकारको रुपमा मनन् गर्दै पानी शुद्धिकरणका प्रविधि तथा तरिकाहरु प्रचारप्रसार गरी जनस्तरमा चेतना अभिवृद्धि गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

३३. गाउँपालिका केन्द्रमा रहेको स्वास्थ्य चौकीमा प्रयोगशाला स्थापना गरिए झैँ अन्य स्वास्थ्य चौकीमा समेत क्रमश विस्तार गर्दै लगिनेछ।

३४. हरेक घरबाट निस्कने फोहोरको वर्गीकरण गरी कुहिने फोहोरबाट प्राङ्गारिक मल बनाउने ज्ञान सीप, प्रविधि प्रदान गरी फोहोरबाट अन्य उपार्जन गरिने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

३५. नकुहिने फोहोरको दिगो व्यवस्थापनका लागि उपयुक्त स्थल पहिचान गर्न सम्भाव्यता अध्ययन गरिनेछ। गाउँपालिकालाई प्लाष्टिक मुक्त बनाउन अभियान सञ्चालन गरिनेछ।

३६. हरेक वडामा सरसफाई दुत नियुक्त गरी हरेक नागरिकको स्वास्थ्य वातावरणमा जिउन पाउने हक अनुरुप "मेरो घर सफा घर" अभियान सञ्चालन गरिनेछ।

३७. Silent Killer को रुपमा रहेका रोगबाट जीवनको समाप्ती हुने बढ्दो क्रमलाई रोक्न जीवनशैली परिवर्तनका लागि आरोग्य केन्द्र स्थापना गरिने साथै मनोपरामर्श कार्यलाई निरन्तरता दिईनेछ।

३८. यस तामाकोशी गाउँपालिकालाई पूर्ण संस्थागत सुत्केरी गाउँपालिका घोषणाका लागी आवश्यक कार्यक्रम सुरु गरिनेछ।

३९. महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई खाजा तथा यातायात खर्चको व्यवस्था मिलाइने छ।

**सभाध्यक्ष महोदय,**

**अब म शिक्षा सम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु।**

४०. "**सबैका लागि शिक्षा**"को मूलमर्म अनुरुप हरेक बालबालिकाको विद्यालय सम्मको पहुँच हुने कार्यलाई ग्यारेन्टी गरिनेछ।

४१. गाउँपालिकाको समग्र शैक्षिक स्थितिलाई मध्यनजर गर्दै शैक्षिक क्षति कम गर्न बालबालिका भर्ना अभियान चलाईनेछ। विद्यालय छोड्ने दर (Drop Out) कम गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

४२. Paper Pencil Test मा आधारित परीक्षण पद्धतिमा परिमार्जन गरी सिकाई उपलब्धि दर र प्राप्त परिणाममा सुधार गरिनेछ। SEE तथा आधारभूत तहमा परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यालय, शिक्षक तथा विद्यार्थीलाई सम्मान गरिनेछ।

४३. गाउँपालिका भित्रका सबै विद्यालयहरुमा क्रम विद्युतीय हाजिरी जडान कार्यलाई निरन्तरता दिँदै सि.सी.टिभी क्यामेराको व्यवस्था गरिनेछ।

४४. न्युन आर्थिक अवस्था भएका गरिव तथा जेहेनदार विद्यार्थीहरुलाई दिदैँ आएको विद्यालय पोशाकको सुविधालाई निरन्तरता दिइनेछ।

४५. गाउँपालिकाका माध्यमिक विद्यालयलाई स्रोत साधनयुक्त नमुना विद्यालयको रुपमा विकास गर्ने कार्यलाई निरन्तरता दिईनेछ। सम्पुर्ण विद्यालयहरुमा बाह्मासे फूल, सिउँडी, हात्तीबार, लालुपाते जस्ता विरुवाहरु रोपी प्राकृतिक घेराबार निर्माणमा प्रोत्साहित गरिनेछ।

४६. गाउँपालिका सरहदभित्रका प्रत्येक बालविकास केन्द्रहरुमा उपयुक्त शिक्षण सिकाई वातावरण निर्माण तथा आवश्यक पुर्वाधार विकास गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

४७. गाउँपालिकाका विद्यालयमा रहेको इन्टरनेटको गुणस्तर बृद्धि गरी विद्यालयलाई उच्च गतिको इन्टरनेटको पहुँचमा पुर्याईनेछ। गाउँपालिका भित्रका विद्यालयहरुमध्ये समग्रपक्षको मूल्यांकन गरी उत्कृष्ट विद्यालय पहिचान गरेर पुरस्कृत गरिनेछ।

४८. गाउँपालिकाको उपयुक्त स्थानमा सामुदायिक सिकाई केन्द्र स्थापना गरी त्यसलाई दुर शिक्षा सिकाई केन्द्र (Distance Learning Center) को रुपमा विकास गर्दै लैजाने नीति लिइनेछ ।

४९. अन्तराष्ट्रिय भाषाको रुममा रहेका अंग्रेजी भाषाको ज्ञान अभिवृद्धि गर्न हरेक विद्यालयमा मौजुदा जनसक्तिलाई तालिमको माध्यमबाट ज्ञान सिपको अभिवृद्धि गराई थप एक विषय अंग्रेजी माध्यममा अध्यापन गराउन उपयुक्त कार्यक्रम मार्फत अनुदान प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

५०. यस गाउँपालिकाको वडा नं. ४ मालुमा रहेको गोल्मेश्वर क्याम्पसलाई उच्च शिक्षाको मुख्य केन्द्रको रुपमा विकास गर्दै लगिनेछ ।

५१. जीवनोपयोगी तथा व्यवहारिक शिक्षामा जोड दिइनेछ । उत्कृष्ट जेहेन्दार तथा विपन्न विद्यार्थीहरुलाई छात्रवृति कोष  मार्फत छात्रवृति तथा आवश्यक शैक्षिक सामग्री उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

५२. आवश्यकताका आाधारमा शिक्षकको दरबन्दी मिलान गरी शिक्षक विद्यार्थी अनुपात मिलाइनेछ । उपयुक्त मापदण्ड तय गरी विद्यालय गाभ्ने (School Merger) एवं कक्षा थपघट गरिनेछ ।

५३. उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षक तथा कर्मचारीलाई पुरस्कृत गर्दै निजहरुको वृत्ति विकासलाई विद्यालयको विषयगत नतिजासँग आवद्ध गरिनेछ । शिक्षण सिकाई क्रियाकलापलाई थप प्रभावकारी गराउन श्रव्य दृश्य प्रणालीबाट योजनाबद्ध शिक्षण क्रियाकलाप सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ । साथै आवश्यकताको आधारमा यातायातको समेत व्यवस्था गरिनेछ ।

५४. शैक्षिक केन्द्रलाई मर्यादित, अनुशाशित एवं व्यवस्थित बनाउन गाउँ शिक्षा समिति, वडा शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिहरुलाई थप जिम्मेवार बनाइनेछ । शिक्षक विद्यार्थी अभिभावक सम्बन्ध सुमधुर बनाउन आवश्यक व्यवस्था गरिनेछ ।

५५. गाउँपालिका सरहद भित्र रहेका विद्यालयहरुलाई विज्ञान शैक्षिक प्रर्दशनी कार्यक्रममा अनिवार्य सहभागी गराई विज्ञान विषयलाई जीवनउपयोगी एवम् व्यवहारीक विषयको रुपमा अघि बढाउँदै लगिनेछ ।

५६. विद्यालय प्रतिको अपनत्व र शैक्षिक सरोकारको विषयमा अभिभावकलाई अभिभावक शिक्षाको माध्ययमबाट सचेतिकरण गरिनेछ ।

५७. शिक्षकहरुलाई तहगत तथा विषयगत रुपमा छोटो तथा लामो अवधिको तालिमको आयोजना गरी थप ज्ञान, सिपको विकास गराई सिकाई सहजिकरण प्रक्रियालाई सरलिकरण गर्दै लगिनेछ । साथै प्रधानाध्यापकहरुको नेतृत्व क्षमता विकासको तालिमद्धारा सशक्त बनाई प्रशासनिक क्षमता अभिवृद्धि गरिनेछ ।

५८. प्रयोगमा नआएका वा नआउने विद्यालयहरु महिला तथा जेष्ठ नागरीक Recyeation center स्थापना गरिनेछ ।

५९. आवश्यकताको अध्ययन गरी ब्रेललिपी तथा सांकेतिक भाषा शिक्षाको व्यवस्था गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

**अव म सडक यातायात तथा  पुर्वाधार विकास सम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।**

६०. जफे- मालु- हाँवा जिरी सडक र भिरकोट- भुले- छौंडे-खावा सडकलाई गाउँपालिकाको अहम महत्वको सडकका रुपमा विकास गरी यस अघिकै नीतिलाई निरन्तरता दिँदै अन्य शाखा

सडकलाई यिनै मुख्य सडकसँग जोडिनेछ। एक वडा एक विशेष महत्वको सडकलाई निरन्तरता दिइनेछ।

६१. गाउँपालिका भित्रको यातायातलाई बाह्रै महिना सञ्चालन गर्न सडकको स्तरोन्नति गरिनेछ। विभिन्न प्राकृतिक कारणले अवरुद्ध सडक सुचारु गर्न मर्मत सम्भार तथा व्यवस्थापन कोषबाट खर्च गर्न सकिने व्यवस्थालाई निरन्तरता दिईनेछ।

६२. ग्रामीण सडकको दिगो सञ्चालन तथा व्यवस्थापनका लागि उपयुक्त प्रविधिको विकास गरी स्तरोन्नति गरिनेछ। पानीको वहावबाट हुने क्षति कम गर्न सडकको दायाँ बायाँ नालीको निर्माणलाई अनिवार्य गरिनेछ।

६३. गाउँपालिकाका सडकहरुमा सडक श्रृखला (Road Chainage) निर्माण गरिनेछ। सडकको जग्गा कित्ता काट गरिनेछ। सडकको चौडाई, घुम्तिको दुरीको व्यवस्थापनका लागि निर्मित कानूनको प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाइनेछ। सडकको दायाँ वायाँ गरिने वृक्षारोपण कार्यलाई निरन्तरता दिइनेछ।

६४. गाउँपालिकाको केन्द्रबाट वडाको केन्द्रसम्म पुग्ने सुरक्षित र भरपर्दो सडक निर्माण गरी क्रमिक रुपमा सार्वजनिक यातायातको व्यवस्था गर्न आवश्यक तयारी थालिनेछ।

६५. गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालय सञ्चालनका लागि व्यवस्थित र सुविधायुक्त भवन निर्माण गरिनेछ। गाउँपालिका भित्र आवश्यक रहेका थप विद्यालय भवन, स्वास्थ्य चौकी, मठ मन्दिर आदिको निर्माण गरिनेछ। रिक्रियसन सेन्टर थप गर्दै लगिनेछ।

६६. सहभागितामुलक विकास कार्यका लागि जनताको सक्रिय एवं अर्थपुर्ण सहभागिता अभिवृद्धि गर्न विकासमा साझेदारी कार्यक्रमलाई निरन्तरता दिईनेछ। यसका लागि आवश्यक सममुरक कोष (Matching Fund) को व्यवस्था गरिनेछ।

६७. गाउँपालिका भित्र भूकम्प प्रतिरोधी घर निर्माणका लागी अनिवार्य गरिनेछ।

६८. गाउँपालिका भित्र आवश्यक स्थानहरुमा सार्वजनिक शौचालयको व्यवस्था गर्ने कार्य प्रारम्भ गरिनेछ।

**सभाध्यक्ष महोदय,**

**अव वन, वातावरण तथा भू-संरक्षण सम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु।**

६९. गाउँपालिका क्षेत्रभित्रका प्राकृतिक सम्पदाको दिगो उपयोगको नीति अवलम्बन गरिनेछ।

७०. गाउँपालिका क्षेत्रभित्रका वन सम्पदा एवं वन क्षेत्रलाई सामुदायिक वन, कवुलियती वनको रुपमा व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

७१. सडक किनारामा हुनसक्ने भुक्षयलाई रोक्न आर्थिक लाभ समेत प्राप्त गर्न सकिने अम्रिसोका विरुवाहरु रोप्ने कार्य गर्न समुदायसँग सहकार्य गरिनेछ।

७२. जमिन खाली रहन नदिन उपयुक्त भू-उपयोग नीति अनुरुप जमिन तथा सडक आसपासमा वृक्षारोपणका लागि आवश्यक विरुवाहरु हाइटेक नर्सरीमा उत्पादन गर्ने व्यवस्था मिलाइनेछ।

७३. पहिरोको उच्च जोखिममा रहेका क्षेत्रहरुमा भूक्षय एवं पहिरो नियन्त्रणका विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

७४. उपयुक्त सार्वजनिक स्थलमा वर पिपल रोपी संरक्षण गर्ने व्यक्तिलाई विशेष सम्मान गरिनेछ। पहिरोको जोखिम तथा भुक्षय ग्रस्त क्षेत्रहरुमा बाँस, लगायत अन्य उपयुक्त विरुवा रोप्नु संरक्षण एवं उपयोग कार्यमा निम्न आय भएका व्यक्ति, भूमिहिन किसान तथा अल्पसंख्यकको संलग्नताको सुरुवात गरिनेछ।

७५. जमिनको प्रकृति अनुकुल हुनेगरी एक घर ५ वृक्ष अनिवार्य गर्दै मेरो घर मेरो बँगैचा मेरो फूलवारी कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

७६. प्रत्येक वडाहरुमा बाल उद्यान, पिकनिक पार्क, आरोग्य केन्द्र निर्माण कार्य क्रमागत रुपमा गरी यस अघिको कार्यलाई निरन्तरता दिइनेछ ।

७७. हावापानी सुहाउँदो जडिबटी खेतीका लागि आवश्यक व्यवस्था गरिनेछ । गाउँपालिका भित्र जडिबुटी प्रशोधन केन्द्र स्थापना गरी बजार मूल्य र उपयोगिताका आधारमा सुगन्धित तेल उत्पादन गरी उचित विक्रि वितरणको व्यवस्थाका लागी संम्भाव्यता अध्ययन गरिनेछ ।

७८. खेर जाने वन पैदावरबाट कागज उत्पादन एवं वैकल्पिक ऊर्जाको विकासका लागि आवश्यक व्यवस्था मिलाइनेछ। हरेक वडालाई धुवाँमूक्त बनाउन धुवाँरहित सुधारिएको चुल्हो तथा विद्युतिय चुल्होको प्रयोगलाई प्रोत्साहित गर्ने कार्यलाई निरन्तता दिइनेछ ।

७९. सामुदायिक वन, कवुलियती वनमा फलफुल जन्य विरुवाहरु रोपी वनजंगल हराभरा कार्यक्रमको थालनी गरिनेछ ।

८०. सामुदायिक वन तथा कवुलियत वनमा सल्लोजन्य रुखहरु विस्थापन गरी डाले घाँस तथा उपयुक्त किसिमका विरुवा रोप्ने कार्यको प्रारम्भ गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

**अव म आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।**

८१. समाजका हरेक पक्षको आर्थिक सामाजिक रुपान्तरणका लागि अपेक्षित उपलब्धि हासिल गर्न उपलब्ध स्रोत साधनको समुचित उपयोगको नीति अवलम्बन गर्दै स्थानीय स्तरमा खेर गईरहेको श्रमलाई उत्पादनमा जोड्ने एवं हाते सिपमुलक लघु उद्यम कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८२. व्यवसायिक क्षेत्रमा लाग्न चाहने युवाहरुलाई आधारभुत तालिम, यन्त्र, उपकरण सहयोग तथा अवलोकन भ्रमणको व्यवस्था मिलाईनेछ ।

८३. पूर्ण रोजगारको अवस्थामा नरहेका यूवाहरुलाई उद्यमशील बन्न स्वरोजगारमुखी सीप र उपयुक्त प्रस्तावपत्रको आधारमा वीउ पूँजीको स्थापना गर्दै प्रधानमन्त्री रोजगार कार्यक्रमलाई निरन्तरता दिई थप प्रभावकारी बनाइनेछ ।

८४. गाउँपालिका भित्र उत्पादनमुलक व्यवसाय सञ्चालन गरी उद्यमशीलता विकास गर्न प्रोत्साहन अनुदान एवं सहुलियत दरको ऋण प्रदान गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

८५. स्थापित र सञ्चालित कृषि उपज केन्द्रहरुलाई विक्रि केन्द्रको रुपमा विकसित गरिनेछ ।

८६. गाउँपालिका स्तरमा एक औद्योगिक क्षेत्र स्थापनाका लागि उपयुक्त स्थल पहिचान गरी आवश्यक तयारी अगाडि बढाइनेछ ।

८७. सितापाइला-देउराली-घोरेनागी, हल्लिने ढुङ्गा क्षेत्रलाई जनकपुर-हनुमन्ते गौरिशंकर हिमालसँग गाँसी पर्यटकीय स्थलको रुपमा विकास गर्दै लगिनेछ ।

**सभाध्यक्ष महोदय,**

**अव म कला, साहित्य, संस्कृति तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।**

८८. गाउँपालिका भित्रको भौगोलिक विशिष्टतालाई मध्यनजर गर्दै जातिय तथा धार्मिक सम्प्रदायका बीच सहिष्णुताको थप प्रवर्द्धन गर्न सामाजिक - साँस्कृतिक बहुलवादको नीति अवलम्बन गरिनेछ ।

८९. नेपाली भाषा, साहित्य, कला, स्थानीय भाषा एवं संस्कृतिको संरक्षण, प्रवर्द्धन एवं प्रचार प्रसार गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

९०. गाउँपालिका सरहदभित्र रहेका देउरालीहरु, पोखरीहरु, ऐतिहासिक गढी, मठमन्दिर, घाटहरु, चर्च, गुम्बा जस्ता साँस्कृतिक सम्पदाको संरक्षण गरी पर्यटन प्रवर्द्धन गरिनेछ । सल्लेपोखरीस्थित ऐतिहासिक गढी रहेको स्थानमा समेत पर्यटन प्रवर्द्धन हुने गरी सो आसपासको क्षेत्रमा पार्क निर्माण गर्ने कार्यको थालनी गरिनेछ ।

९१. हरेक वडामा रहेका साँस्कृतिक सम्पदाको पहिचान गरी तिनीहरुलाई सांस्कृतिक-पर्या-पर्यटन क्षेत्र (Eco-Cultural Tourism Hub) को रुपमा विकास गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

९२. र्‍याफ्टिङ, प्याराग्लाइडिङ, पदमार्ग, रक क्लाइमिङ जस्ता पर्यटनसँग सम्बन्धित कार्यका लागि पूर्वाधार विकास गर्न तालिमको आवश्यक व्यववस्था गरिनेछ तथा निजी क्षेत्रलाई सहकार्य गर्न प्रोत्साहन गरिनेछ । तामाकोशी गाउँपालिकाको प्राकृतिक कौमार्यता एवं सौन्दर्यता (Natural Virginity and Beautiness) लाई पर्यटन प्रवर्द्धनसँग जोड्ने कार्यलाई निरन्तरता दिइनेछ ।

९३. स्थानीय संस्कृतिको संरक्षण र प्रवर्द्धनका लागि जातिय संग्रहालय निर्माणलाई निरन्तरता दिइनेछ । आदिवासी जनजाति एवं अल्पसंख्यक समूदायको बाहुल्यता रहेको क्षेत्रमा होम स्टे सञ्चालनका लागि आवश्यक पूर्वाधारको निर्माण गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

**अव म यूवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।**

९४. युवाहरुमाझ अनुशासित, मर्यादित, मुलुकप्रति सकारात्मक सोच र सुनौलो भविष्यको योजना सहितको भावना जागृत गराउन जीवन वृत्ति परामर्श केन्द्र (Career Counselling Center) स्थापना गरिनेछ ।

९५. लागु औषध, र्दुव्यसनिमा लागेका युवाहरुलाई सो र्दुव्यसनीबाट छुटाउन मनोपरामर्श समेतको व्यवस्था गरी आवश्यक कार्यहरुको थालनी गरिनेछ ।

९६. युवाहरुमा उद्यमशिलता विकास नेतृत्व विकास एवं समाजप्रतिको उत्तरदायित्व वोध गराउन तालिम, अभिमुखिकरण कार्यक्रमको सञ्चालन गरिनेछ ।

९७. युवाहरुको समूह, अध्येता वा विशेष अध्ययन अनुसन्धान केन्द्रहरुलाई सिपमुलक कार्यक्रम तथा स्थानीय रोजगारको प्रवर्द्धन गर्दै लघु उद्यम शुरु गर्न प्रोत्साहन, अनुदान एवं सहुलियत ऋण प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९८. वडा नं. ५, शहरेको भञ्ज्याङमा निर्मित खेलमैदानलाई विस्तृत परियोजना प्रतिवेदनले औल्याए बमोजिम पूर्वाधार सम्पन्न रंगशालाको रुपमा विकास गर्दै लगिनेछ ।

९९. गाउँपालिका भित्र खेलकुदको विकास गर्न गाउँपालिका एवं वडास्तरिय खेलकुद विकास समिति गठन गरिनेछ । वडामा निर्माण गरिएका खेलमैदानहरुको स्तरोन्नति गरि प्रत्येक वर्ष खेलकुद प्रतियोगिता आयोजना गरिनेछ । अन्य स्थानीय तहहरुसँगको समन्वयमा मैत्रीपुर्ण खेलहरु सञ्चालन गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

१००. खेलकुदको विकास, विस्तार गरी नियमित प्रतियोगिताहरु आयोजना गर्न हरेक टोलबाट वडाहरु सम्म खेलाडिहरुको समूह, क्लबहरु स्थापना गरिनेछ । सम्पुर्ण वडाहरुमध्येबाट गाउँपालिका स्तरीय एक खेलकुद संघ संस्थाको स्थापना गरिनेछ । सो संघ तथा अन्य स्थानीय क्लबहरुको समन्वय एवं सहकार्यमा उक्त प्रतियोगिता सञ्चालन हुने व्यवस्था मिलाइनेछ ।

१०१. विद्यालयहरुमा खेलकुद र शैक्षिक सामग्रीहरुको व्यवस्था गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

**अव सुचना प्रविधि, सञ्चार तथा सुशासन, सार्वजनिक सेवा प्रवाह एवं संस्थागत विकास सम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।**

१०२. सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो, पारदर्शी जवाफदेही, प्रविधिमैत्री तथा नागरिकमैत्री बनाइनेछ । भ्रष्टाचार विरुद्ध शून्य शहनशीलताको नीति लिइनेछ ।

१०३. कर्मचारीहरुको सेवा प्रवाह प्रतिको तदारुकतालाई वृत्ति विकाससँग आवद्ध गर्दै उत्कृष्ट कार्यसम्पादनका आधारमा प्रोत्साहनको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

१०४. गाउँपालिका भित्रका सम्पूर्ण सरकारी निकायहरुमा क्षतिपुर्ति सहितको नागरिक वडापत्रलाई दैनिक सेवा प्रवाहमा जोडिनेछ र कार्यालयका कर्मचारीहरुलाई क्षमता अभिवृद्धि गर्न समय समयमा आवश्यक तालिमहरु प्रदान गरिनेछ ।

१०५. सरकारी, गैर सरकारी, सामाजिक संघसंस्थाहरुको वजेट तथा कार्यक्रमलाई गाउँपालिकाको वार्षिक बजेट, योजना तथा कार्यक्रममा मूलप्रवाहिकरण गरी सहकार्य तथा समन्वयमा कार्यक्रम सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१०६. गैरसरकारी संस्थाको सहयोगमा संकलित घरधुरी दर्ता कोड (Household Distribution) लाई एकिकृत गरी प्रणालीमा व्यवस्थित गरी सोसँग गाउँपालिकाको सेवा प्रवाहलाई आवद्ध गरिनेछ ।

१०७. सवै विद्यालय स्वास्थ्य चौकी, सहकारी र वडा कार्यालय निर्माणको थालनी गरिनेछ ।

१०८. गाउँपालिका भित्रका सम्पूर्ण गतिविधीहरु Website तथा तामाकोशी एफ.एम. बाट सूचना प्रकासशन/प्रसारणमा ल्याइनेछ ।

१०९. गाउँपालिकाको विकास र समृद्धिका लागि तथ्य र तथ्यांकमा आधारित भई दीर्घकालिन गुरु योजना निर्माण गरी आफ्नो गाउँ ठाउँमा आफैंले योगदान गरौं भन्ने नीति मार्फत विकासका कार्य सञ्चालन गरिनेछ ।

११०. अत्याधुनिक प्रविधिको प्रयोग गर्नुपर्ने र उच्च लागत अनुमान रहेका आयोजनाहरु बाहेकका आयोजनाहरु उपभोक्ता समिति, सहकारी संस्थाहरु, सामुदायिक संस्थाहरु मार्फत कार्यान्वियन गरिनेछ । उपभोक्ता समितिहरुको कार्यमा थप प्रभावकारीता ल्याउन अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१११. प्रत्येक वडाका सार्वजनिक स्थलहरुलाई इन्टरनेटको पहुँचमा पुऱ्याउने कार्यलाई निरन्तरता दिइनेछ ।

११२. सूचना प्रविधिलाई सार्वजनिक सेवा प्रवाह तथा विकास निर्माणमा आवद्ध गराउँदै ज्ञानमा आधारित समाज (Knowledge Based Society) निर्माण गर्ने नीति अवलम्वन गरिनेछ ।

११३. हरेक विद्यालयहरुमा विद्युतीय हाजिरी र CCTV जडान गर्ने कार्यको थालनी गरी गाउँपालिकाको केन्द्रबाटै प्रविधि मार्फत अनुगमन गर्ने व्यवस्था मिलाइनेछ ।

**सभाध्यक्ष महोदय,**

**अव म राजश्व संकलन र परिचालन सम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।**

११४. करको दायरा फराकिलो बनाउँदै प्रगतिशील कर प्रणाली मार्फत कर, शुल्क, जरिवाना प्राप्त गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

११५. आम जनतामा कर तथा राजश्वको महत्वका बारेमा जनचेतनाको कार्यक्रम आरम्भ गरिनेछ ।

११६. राजश्व प्राप्तिका मुख्य स्रोतहरु : सम्पत्ति कर, घर नक्सा पास दस्तुर, व्यवसाय कर, बहाल विटौरी शुल्क, सम्पत्ति मुंल्याङ्कन शुल्क, सिफारिस दस्तुरलाई समायानुकुल परिमार्जन गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

**अव म सामाजिक सेवा तथा समावेशी प्रबर्द्धन सम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।**

११७. वृद्धवृद्धा, पिडित, असहाय तथा विपन्न महिलाहरुको मन बहलाउनका निमित्त भेटघाट चौतारी (Recreation Center) निर्माण कार्य हरेक वडामा विस्तार गरिनेछ ।

११८. लक्षित वर्गको आर्थिक- सामाजिक- सांस्कृतिक रुपान्तरण गर्न आय आर्जन, नेतृत्व विकासका उपयुक्त कार्यक्रमहरु सञ्चालन गरिनेछ । पछि परेको समुदायलाई विकासको मूलधारमा मूलप्रवाहिकरण गर्न गरिवी निवारण कोषको स्थापना गरी सो मार्फत उनीहरुको क्ष्मतामा सुधार कार्य प्रारम्भ गरिनेछ ।

११९. ज्येष्ठ नागरिक तथा विकलाङ्ग नागरिकहरुको लागि सरल जीवन व्यतित गर्न आवश्यक व्यवस्था गरिनेछ ।

१२०. बालविवाह, बहुविवाह, दाईजो प्रथा, जातिय छुवाछुत, अनमेल विवाह, बोक्सी प्रथा जस्ता सामाजिक कुरिति, कुसंस्कार एवं रुढिवादी परम्पराको अन्त्य गर्न सांस्कृतिक सुधार कार्यक्रमलाई विद्यालय स्तरबाटै सुरुवात गरिनेछ ।

१२१. एकल महिलालाई सामाजिक रुपमा स्थापित गराउँदै जीवन निर्वाहमा थप सहजीकरण गर्न सामाजिक अभियान मार्फत आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१२२. महिला विरुद्ध हुने घरेलु हिंसा अन्त्य गर्न तथा उनीहरुको घरेलु श्रमको मौद्रिक मुल्यमा मुंल्याङ्कन गर्न जनचेतना अभिवृद्धि गर्दै आवश्यक संरचनागत व्यवस्था गरिनेछ ।

१२३. महिला बालबालिका तथा अपांगता भएका व्यक्तिहरु, अल्पसंख्यक समूदायको लागि लैगिक समानता एवं सामाजिक समावेशीकरण (Gender Equality and Social Inclusion – GESI) का विशेष कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

१२४. लक्षित वर्गको उत्थानका लागि गाउँपालिका स्तरिय लक्षित वर्ग उत्थान समिति गठन गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

**अव म जोखिम तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।**

१२५. जोखिम तथा विपद् व्यवस्थापनका लागि गाउँपालिका तथा वडा स्तरमा गठित विपद व्यवस्थापन समितिहरुलाई स्रोत साधनयुक्त बनाई तिनिहरुको क्षमता अभिवृद्धि गरिनेछ ।

१२६. विपद् पूर्व, विपदको समय तथा विपद पश्चातको समयमा धन जनको क्षति कम गर्न, सकेसम्म चाँडो पुनस्थापना गर्न जनचेतना फैलाई आवश्यक संरचनागत व्यवस्था गरी कार्यान्वयन गर्नका निमित्त अन्य गैर सरकारी संस्थाहरुसँगको साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१२७. विपद्, प्राकृतिक प्रकोप तथा महामारीको अवस्थामा नागरिकलाई तत्काल राहत उपलब्ध गराउन प्राकृतिक विपद् सहायता कोष मार्फत आवश्यक राहत उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

१२८. सम्भावित जोखिमका क्षेत्रमा क्षति कम गर्ने तथा पुनस्थापनाका लागि हरेक वडामा आपत्कालिन सुरक्षा केन्द्रहरु क्रमागत रुपमा स्थापना गर्दै लगिनेछ ।

**सभाध्यक्ष महोदय,**

**अव म उद्योग तथा वाणिज्य सम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।**

१२९. गाउँपालिका भित्र उद्योग धन्दा स्थापना एवं व्यवसाय प्रवर्द्धनको लागि लगानी मैत्री वातावरणको निर्माण गरिनेछ ।

१३०. लघु उद्यमको स्थापना मार्फत उद्यमशीलताको विकास गर्न उपयुक्त प्रस्तावपत्रको आधारमा लघुउद्यम प्रोत्साहन, अनुदान तथा सहुलियत ऋणको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१३१. उत्पादनमुलक क्षेत्रमा संयुक्त लगानी, सेयर खरिद तथा नयाँ उद्योग स्थापनाका लागि लगानी कोषको स्थापना गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

**अव म कानून निर्माण तथा न्याय सम्पादन सम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।**

१३२. कानूनको नजरमा सबै समान हुन्छन् भन्ने सिद्धान्त अनुरुप छिटो कानूनी उपचार तथा न्याय प्राप्त गर्ने व्यवस्था मिलाइनेछ ।

१३३. असहायहरुलाई न्याय दिलाउनका लागि असहाय न्यायकोष मार्फत उपयुक्त व्यवस्था गरिनेछ र न्यायिक समितिको, क्षमता अभिवृद्धिको लागी आवश्यक कार्यहरुको थालनी गरिनेछ ।

१३४. आवश्यकताको पहिचान गरी दैनिक कार्य सञ्चालनका लागि उपयुक्त ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्डहरु निर्माण गरी लागू गरिनेछ ।

१३५. हिंसा पिडित महिलाहरुको लागी न्यायमा पहुँच स्थापीत गर्न एउटा कोषको व्यवस्था गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

**अव म सहकारी तथा संघसंस्था सम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।**

१३६. गाउँपालिका सरहदभित्र रहेका कृषि सहकारी, वचत तथा ऋण सहकारी तथा बहुउद्देश्यीय सहकारी तथा अन्य सामाजिक संघ संस्थाहरुलाई थप व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१३७. सहकारी तथा अन्य सामाजिक संघ संस्थालाई समाजका व्यक्तिहरुको आर्थिक सामाजिक विकाससँग आवद्ध गराई उपयुक्त प्रस्तावपत्रका आधारमा अनुदान प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१३८. गाउँपालिका भित्रका कृषि सहकारीहरुलाई उत्पादनमुलक क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरी सहकारीहरुको परिचालनबाट परम्परागत कृषि प्रणालीलाई आधुनिक र व्यवसायिक बनाउने नीति अवलम्बन गरिनेछ ।

१३९. स्थानीय स्तरमा रहेका सहकारीहरुलाई एक आपसमा गाभिन (Merger) प्रोत्साहित गरिनेछ । सहकारी तथा अन्य सामाजिक सामुदायिक संघ संस्थाहरुलाई आर्थिक सामाजिक साँस्कृतिक रुपान्तरणको धरोहरका रुपमा विकास गरिनेछ ।

१४०. गाउँपालिका भित्र दर्ता भएका सहकारीहरुलाई थप प्रविधिमैत्री बनाउँदै Internet जडानको कार्यलाई निरन्तरता दिई COPOMIS Software राख्ने कार्य सम्पन्न गरिनेछ ।

१४१. गाउँपालिका भित्र रहेका सहकारी तथा अन्य संघ, संस्थाहरुको सवलीकरण नियमित अनुगमन र नियमन गर्ने व्यवस्था मिलाइनेछ ।

**सभाध्यक्ष महोदय,**

**अव म उर्जा सम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।**

१४२. उर्जा गाउँपालिका भित्र सम्भावना भएका तथा समुचित उपयोग हुन नसकेका जैविक वस्तुबाट वैकल्पिक ऊर्जा उत्पादन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१४३. दिगो एवं अनन्त ऊर्जाको स्रोतको रुपमा रहेको सौर्य ऊर्जाको उत्पादन र प्रयोगलाई थप व्यवस्थित गर्दै बजार क्षेत्र तथा बाक्लो बस्तीहरुमा सोलार वत्तिको व्यवस्था गर्दै लगिनेछ ।

१४४. यस गाउँपालिका भित्र रहेका निर्माणाधिन तथा अन्य सम्भावित जलविद्युत आयोजनाहरुमा स्थानीय जनताको शेयर लगानी सुनिश्चित गर्न आवश्यक पहल गरिनेछ ।

१४५. जीवनको गुणस्तर (Quality of Life) अभिबृद्धि गर्न आवश्यक न्यूनतम ऊर्जाको उपलब्धताको सुनिश्चितता गरिनेछ ।

अन्त्यमा, "यस तामाकोशी गाउँपालिकाको लक्ष्य, विकास समृद्धि र सुन्दर भविष्य" को हाम्रो महान अभियानमा प्रत्यक्ष, अप्रत्यक्ष रुपले साथ र सहयोग गर्नुहुने केन्द्र तथा प्रदेश सरकार, गाउँपालिका परिवार, राजनीतिक दलहरु, सरकारी तथा गैरसरकारी संघ संस्थाहरु, समाजसेवी तथा बुद्धिजिवीहरु, कर्मचारी लगायत सम्पूर्ण सहयोगी मनहरुलाई हृद्धयदेखि धन्यवाद दिंदै आगामी दिनहरुमा पनि यस्तै साथ र सहयोगको अपेक्षा गर्दछु ।धन्यवाद ।

**तामाकोशी गाउँपालिकाको चौथो गाउँसभा अधिवेशन (बजेट अधिवेशन) को**
**पहिलो बैठक मितिः २०७६/०३/१० बाट पारित**